# मध्यनेपाल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६६-४१०२५२

प.सं. ०७८।७९
च.नं.

मिति: २०७८/१०/२५

## कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्बर निर्माण कार्यक्रम सञ्चालनका लागि आवेदन मागसम्बन्धी सूचना

मध्यनेपाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कृषि शाखाको आ.व. २०७८।०७९को संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम अर्न्तगत ५० प्रतिशत लागत साझेदारीमा २० मे.टन क्षमता सम्मको कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्वर निर्माण कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/समितिहरुले आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७८।११।१०गते) कार्यालय समयभित्र यस कार्यालयमा कार्यक्रम सँग सम्बन्धित प्रस्ताव र निवेदन दर्ता गर्नुहुन सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | कार्यक्रम | बजेट अनुदान (रु.हजारमा) |
|---|---|---|
| १ | ५० प्रतिशत लागत साझेदारीमा कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्वर निर्माण कार्यक्रम संचालन | ११०० |

निवेदन साथ आवश्यक संलग्न गर्नुपर्ने कागजातहरु

- निवेदन
- कार्यक्रम मागसम्बन्धी प्रस्तावना
- सम्बन्धित निकायमा दर्ता भएको दर्ता/नवीकरण प्रमाण पत्र प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा र जमिन) को विवरण वा भाडाको जग्गा भएमा करार सम्झौतानामा (कम्तीमा २० वर्ष)
- कार्यक्रममा समावेश गरी खेती गरिने जग्गाको लालपूर्जाको प्रतिलिपि
- निवेदकको नागरिकताको प्रतिलिपि
- संस्थागत निर्णयको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

पुनश्च : थप जानकारीको लागि नगरपालिकाको कृषि शाखा (९८४९६६७७४०) मा सम्पर्क गर्न सकिनेछ ।

..................
ईश्वरीप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत